अनुसूची-१६

(दफा ३३ को उप-दफा (२) सँग सम्बन्धित)

# श्री सदाबहार सामुदायिक वन उपभोक्ता समूह

शान्तिनगर गाउँपालिका वडा नं.-१, २ र बबई गा.पा.-६, दाङ

## काठ, दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**दोस्रो पटक सूचना प्रकाशन मितिः २०८२।११।१२**

श्री सदाबहार सामुदायिक वन उपभोक्ता समूह, शान्तिनगर गा.पा.-१, २ र बबई गा.पा.-६, दाङको आ.व. २०८१।८२ मा स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार उत्पादित वन पैदावार शान्तिनगर गाउँपालिका वडा नं. १, समूह भवन, दाङमा घाटगद्दी गरी राखिएको निम्न लटको तपशिलमा उल्लेखित परिमाणको वन पैदावार जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक वन पैदावारमा आबद्ध संघ/संस्था, फर्म वा कम्पनीले यो सूचना नयाँ युगबोध राष्ट्रिय दैनिक पत्रिकामा दोस्रो पटक प्रकाशित भएको मितिले २१ (एक्काईसौं) दिनभित्र खरिद गरी २२ (बाईसौं) दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ ।

### तपसिल

| वन पैदावारको विवरण | | | | | | | न्यूनतम | | काठ, दाउराको संकलन खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| लट नं. | घाङ नं. | जात | किसिम | ग्रेड | थान | परिमाण (क्यू.फि.) | दररेट | मूल्य (रु.) | | |
| १ | २ | साल | गोलिया | A | ३ | ६५.१७ | १२५० | ८१४६२.५० | काठको संकलन खर्च प्रति क्यू.फि. ८२ को दरले ७८६०.१९ क्यू.फि. को ६४४५३५३.५८।- र दाउराको प्रति चट्टा ११,२००।- को दरले २०.००।- चट्टाको २,२४,०००।- | पुनरुत्पादन कटान C1S3 |
| | | | | B | १३ | ९५.०६ | ९०० | ८५५५४.०० | | |
| | | | | C | ७६ | २९३.७६ | ६०० | १७६२५६.०० | | |
| | | | | D | १३ | ४७.७८ | ३०० | १४३३४.०० | | |
| | | | | जम्मा | १०५ | ५०१.७७ | | ३५७६०६.५ | | |
| | ४ | साल | गोलिया | A | ११ | १८२.२९ | १२५० | २२७८६२.५० | | |
| | | | | B | २० | २३७.६७ | ९०० | २१३९०३.०० | | |
| | | | | C | ४० | १९५.८१ | ६०० | ११७४८६.०० | | |
| | | | | D | ४ | ११.५१ | ३०० | ३४५३.०० | | |
| | | | | जम्मा | ७५ | ६२७.२८ | | ५६२७०४.५० | | |
| | लट नं. १ को जम्मा | | | | १८० | ११२९.०५ | | ९२०३११.०० | | |
| २ | ३ | साल | गोलिया | A | १ | १७.०९ | १२५० | २१३६२.५० | | |
| | | | | B | ११ | १३२.०२ | ९०० | ११८८१८.०० | | |
| | | | | C | १७ | ८८.१८ | ६०० | ५२९०८.०० | | |
| | | | | D | ६ | २१.४० | ३०० | ६४२०.०० | | |
| | | | | जम्मा | ३५ | २५८.६९ | | १९९५०८.५० | | |
| | ५ | साल | गोलिया | A | ३ | ५२.६७ | १२५० | ६५८३७.५० | | |
| | | | | B | ५ | ४४.४४ | ९०० | ३९९९६.०० | | |
| | | | | C | ४२ | २२४.३९ | ६०० | १३४६३४.०० | | |
| | | | | D | ६ | १५.८४ | ३०० | ४७५२.०० | | |
| | | | | जम्मा | ५६ | ३३७.३४ | | २४५२१९.५० | | |
| | लट नं. २ को जम्मा | | | | ९१ | ५९६.०३ | | ४४४७२८.०० | | |
| ३ | ६ | साल | गोलिया | A | ११ | २१५.९० | १२५० | २६९८७५.०० | | |
| | | | | B | २१ | २१७.२५ | ९०० | १९५५२५.०० | | |
| | | | | C | ६१ | २९२.८२ | ६०० | १७५६९२.०० | | |
| | | | | D | १२ | ४७.१९ | ३०० | १४१५७.०० | | |
| | | | | जम्मा | १०५ | ७७३.१६ | | ६५५२४९.०० | | |
| | ९ | साल | गोलिया | A | ३ | ४८.३७ | १२५० | ६०४६२.५० | | |
| | | | | B | ९ | ८४.७७ | ९०० | ७६२९३.०० | | |
| | | | | C | १७ | ८६.४७ | ६०० | ५१८८२.०० | | |
| | | | | D | ३ | ११.९३ | ३०० | ३५७९.०० | | |
| | | | | जम्मा | ३२ | २३१.५४ | | १९२२१६.५० | | |
| | लट नं. ३ को जम्मा | | | | १३७ | १००४.७० | | ८४७४६५.५० | | |
| ४ | ८ | साल | गोलिया | A | १ | १४.०६ | १२५० | १७५७५.०० | | |

अनुसूची-१६

(दफा ३३ को उपदफा (२) सँग सम्बन्धित)

# श्री सदाबहार सामुदायिक वन उपभोक्ता समूह

## शान्तिनगर गाउँपालिका वडा नं.-१, २ र बबई गा.पा.-६, दाङ

| वन पैदावारको विवरण | | | | | | | न्यूनतम | | काठ, दाउराको संकलन खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| लट नं. | घाङ नं. | जात | किसिम | ग्रेड | थान | परिमाण (क्यू.फि.) | दररेट | मूल्य (रु.) | | |
| | | | | B | २ | २०.५२ | ९०० | १८४६८.०० | | |
| | | | | C | १ | ८.९९ | ६०० | ५३९४.०० | | |
| | | | | जम्मा | ४ | ४३.५७ | | ४१४३७.०० | | |
| | ११ | असना | गोलिया | A | १० | ३७७.६९ | ४०० | १५१०७६.०० | | |
| | | | | B | ४ | १३४.६३ | ३०० | ४०३८९.०० | | |
| | | | | C | ३ | १६.९९ | १०० | १६९९.०० | | |
| | | | | जम्मा | १७ | ५२९.३१ | | १९३१६४.०० | | |
| | | बर्रो | गोलिया | N | १२ | १४३.९१ | २०० | २८७८२.०० | | |
| | | | | जम्मा | १२ | १४३.९१ | | २८७८२.०० | | |
| | | घोठी | गोलिया | N | ४ | २८.०५ | १०० | २८०५.०० | | |
| | | | | जम्मा | ४ | २८.०५ | | २८०५.०० | | |
| | लट नं. ४ को जम्मा | | | | ३७ | ७४४.८४ | | २६६१८८.०० | | |
| | पुनरुत्पादन कटानको जम्मा | | | | ४४५ | ३४७४.६२ | | २४७८६९२.५० | | |
| ५ | १ | साल | गोलिया | A | १३ | ३०३.९१ | १२५० | ३७९८८७.५० | | |
| | | | | B | २३ | २५०.९३ | ९०० | २२५८३७.०० | | |
| | | | | C | ६३ | ३०५.२९ | ६०० | १८३१७४.०० | | |
| | | | | D | १० | ४१.१६ | ३०० | १२३४८.०० | | |
| | | | | जम्मा | १०९ | ९०१.२९ | | ८०१२४६.५० | | |
| | २ | साल | गोलिया | A | ७ | १४७.२७ | १२५० | १८४०८७.५० | | |
| | | | | B | २२ | २५२.३२ | ९०० | २२७०८८.०० | | |
| | | | | C | ५९ | २५९.५० | ६०० | १५५७००.०० | | |
| | | | | D | १३ | ४६.०६ | | | | |
| | | | | जम्मा | १०१ | ७०५.१५ | | ५६६८७५.५० | | |
| | लट नं. ५ को जम्मा | | | | २१० | १६०६.४४ | | १३६८१२२.०० | | |
| ६ | ३ | साल | गोलिया | A | ११ | २५४.९९ | १२५० | ३१८७३७.५० | | C1S2 सुधार कटान |
| | | | | B | २८ | ४५५.११ | ९०० | ४०९५९९.०० | | |
| | | | | C | ३३ | २६१.३४ | ६०० | १५६८०४.०० | | |
| | | | | D | १२ | ७४.२४ | ३०० | २२२७२.०० | | |
| | | | | जम्मा | ८४ | १०४५.६८ | | ९०७४१२.५० | | |
| | ४ | साल | गोलिया | A | ६ | १४३.३४ | १२५० | १७९१७५.०० | | |
| | | | | B | १५ | २०४.४९ | ९०० | १८४०४१.०० | | |
| | | | | C | २५ | १३८.७५ | ६०० | ८३२५०.०० | | |
| | | | | D | १ | ३.२४ | ३०० | ९७२.०० | | |
| | | | | जम्मा | ४७ | ४८९.८२ | | ४४७४३८.०० | | |
| | लट नं. ६ को जम्मा | | | | १३१ | १५३५.५० | | १३५४८५०.५० | | |
| ७ | ५ | साल | गोलिया | A | ९ | २०९.०८ | १२५० | २६१३५०.०० | | |
| | | | | B | २२ | २२१.१२ | ९०० | १९९००८.०० | | |
| | | | | C | ३७ | २१०.२३ | ६०० | १२६१३८.०० | | |
| | | | | D | ६ | २४.५९ | ३०० | ७३७७.०० | | |
| | | | | जम्मा | ७४ | ६६५.०२ | | ५९३८७३.०० | | |
| | ६ | असना | गोलिया | A | ४ | १३०.८५ | ४०० | ५२३४०.०० | | |
| | | | | B | १ | ४०.६९ | ३०० | १२२०७.०० | | |
| | | | | C | २ | १६.२१ | १०० | १६२१.०० | | |
| | | | | जम्मा | ७ | १८७.७५ | | ६६१६८.०० | | |
| | | कर्मा | गोलिया | A | ३ | ८६.६२ | ४०० | ३४६४८.०० | | |
| | | | | B | १ | ७.२० | ३०० | २१६०.०० | | |
| | | | | C | १ | ४.५९ | १०० | ४५९.०० | | |
| | | | | जम्मा | ५ | ९८.४१ | | ३७२६७.०० | | |

अध्यक्ष

अनुसूची-१६
(दफा ३३ को उप-दफा (२) सँग सम्बन्धित)

# श्री सदाबहार सामुदायिक वन उपभोक्ता समूह

## शान्तिनगर गाउँपालिका वडा नं.-१, २ र बबई गा.पा.-६, दाङ

| वन पैदावारको विवरण | | | | | | | न्यूनतम | | काठ, दाउराको संकलन खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| लट नं. | धाङ नं. | जात | किसिम | ग्रेड | थान | परिमाण (क्यू.फि.) | दररेट | मूल्य (रु.) | | |
| | | दबदबे | गोलिया | N | १ | १०.२० | १०० | १०२०.०० | | |
| | लट नं. ७ को जम्मा | | | | ८७ | ९६१.३८ | १०० | ६९८३२८.०० | | |
| | सुधार कटानको जम्मा | | | | ४२८ | ४१०३.३२ | | ३४२१३००.५० | | |
| ८ | | साल | गोलिया | A | ४ | १०१.४३ | १२५० | १२६७८७.५० | | क्षति पुगेको रुखबाट उत्पादन भएको |
| | | | | B | ६ | ६४.१८ | ९०० | ५७७६२.०० | | |
| | | | | C | ५ | २०.६६ | ६०० | १२३९६.०० | | |
| | | | | जम्मा | १५ | १८६.२७ | | १९६९४५.५० | | |
| | | साल | गोलिया | B | २ | १२.६६ | ९०० | ११३९४.०० | | वन पैदावार आपूर्ति समिति फिर्ता |
| | | | | C | १८ | ६९.९५ | ६०० | ४१९७०.०० | | |
| | | | | D | ६ | १३.३७ | ३०० | ४०११.०० | | |
| | | | | जम्मा | २६ | ९५.९८ | | ५७३७५.०० | | |
| | लटनं. ८ को जम्मा | | | | ४१ | २८२.२५ | | २५४३२०.५० | | |
| | | साल | दाउरा | | | २०.०० | १२००० | २४००००.०० | | |
| | लट नं. ८ को जम्मा | | | | | २८२.२५ | | ४९४३२०.५० | | |
| | कुल जम्मा काठ | | | | ९१४ | ७८६०.१९ | | ६१५४३१३.५० | | |
| | कुल जम्मा दाउरा | | | | | २०.०० | | २४००००.०० | | |

१. बोलपत्र खरिद गर्नुपर्ने अन्तिम मितिः २०८२।१२।०२ गते ।

२. बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय
(क) अन्तिम मितिः २०८२।१२।०३ (ख) समय १२:०० बजे सम्म ।

३. बोलपत्र साथ कबोल गरेको रकम को १०% ले हुन आउने रकम बोलपत्र खरिद गरेको यस सामुदायिक वन उपभोक्ता समूहको राष्ट्रिय बाणिज्य बैंक लिमिटेड, तुलसीपुर शाखा, दाङमा रहेको खाता नं. ४१६०१००००२७६४००१ मा नगद जम्मा गरेको सक्कल भौचर वा ६ महिना अवधि रहेको बैंक ग्यारेण्टी समावेश हुनुपर्नेछ ।

४. बोलपत्र फारम न्यूनतम मूल्य १० (दश) लाखभन्दा कम भएको खण्डमा प्रति लटको रु. १,०००।- र बढी भएको खण्डमा प्रति लटको रु. २,०००।- पछि फिर्ता नहुने गरी तिरी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालय र डिभिजन वन कार्यालय दाङ (दाङ), घोराहीबाट खरिद गरी यस वन उपभोक्ता समूहको कार्यालयमा दाखिला गर्न सकिनेछ ।

५. लिलाम बढाबढ हुने वनपैदावार कार्यालय खुलेको समय भित्र यस सदाबहार सामुदायिक वन उपभोक्ता समूहको शान्तिनगर गाउँपालिका वडा नं. १, समूह भवन, दाङमा रहेको घाट्गद्दी स्थलमा गई हेर्न सकिनेछ ।

६. *लिलाममा भाग लिन ईच्छुक कम्पनी वा फर्मका प्रोप्राइटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि, डिभिजन वन कार्यालयमा फर्म सूचीकृत भएको प्रमाणपत्रको प्रतिलिपि लगाएका आवश्यक कागजातहरु बोलपत्र साथ पेश गर्नुपर्नेछ ।*

७. निर्धारित न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८२।१२।०३ गते वा सो दिन सार्वजनिक बिदा परेको खण्डमा सो को भोलिपल्ट यस समूहको कार्यालयमा दिनको २:०० बजे साक्षीहरुको रोहवरमा खोलिनेछ ।

८. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १० (दश) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर, अग्रिम आयकर, सङ्कलन खर्च लगायतका सम्पूर्ण रकम छुट्टै बुझाइ लिलाममा चढाएको वनपैदावार तोकिएको अवधिभित्र उठाइ लैजानु पर्नेछ ।

९. बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षरमा दुवैमा लेख्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ ।

१०. बोलपत्र फाराममा सामुदायिक वन उपभोक्ता समूहको प्रष्ट छाप लागेको र समूहको अध्यक्षको दस्तखत भएको हुनु पर्नेछ । प्रतिलिपि, समूहको छाप नलागेको र समूहको दस्तखत नभएको मान्य हुने छैन ।

११. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित रहनेछ ।

१२. अन्य विस्तृत कुरा बुझ्नु परेमा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।



**मतदान अधिकृतलाई प्रशिक्षण** : प्रदेश निर्वाचन कार्यालय दाङको आयोजनामा सोमबार प्रतिनिधिसभा सदस्य निर्वाचन दाङ क्षेत्र नं. २ मा खटिने मतदान अधिकृत तथा सहायक मतदान अधिकृतहरूलाई प्रशिक्षण दिइँदै । विभिन्न समूहमा गरी तीन सय १५ जनालाई प्रशिक्षण दिइएको निर्वाचन कार्यालयका सूचना अधिकारी गेहेन्द्र कँवरले जानकारी दिनुभयो । *तस्बिर : कुलदीप न्यौपाने*

# एमआई मोबाइलको सर्भिस सेन्टर

**युगबोध समाचारदाता**

घोराही, ११ फागुन । एमआई मोबाइलको सर्भिस सेन्टर घोराहीमा स्थापना भएको छ । नेपालका लागि आधिकारिक बिक्रेता टेलिडाइरेक्ट नेपालका जनरल म्यानेजर दीपक श्रेष्ठले उद्घाटन गर्नूभएको हो ।

उद्घाटनमा एक महिनासम्म स्प्रेयर पार्टसहरुमा २५ प्रतिशत कम गर्ने, सर्भिस चार्ज नलिने, सफ्टवेयरमा कुनै पनि चार्ज नलिने सर्भिस म्यानेजर सुवास कँडेलले बताउनुभयो । 'दुई तीन महिनापछि पुरानो बचेको मोडल स्टक बचेको हुन्छ त्यसलाई ८०/९० प्रतिशत छुट दिने पोलिसी बनाएको छ'- उहाँले भन्नुभयो ।

सो अवसरमा नेपाल मोबाइल व्यवसायी महासंघ लुम्बिनी प्रदेश महासचिव शालिकराम खनाल, नेपाल मोबाइल व्यवसायी महासंघ लुम्बिनी प्रदेश अध्यक्ष शेषनारायण शर्मा, यस क्षेत्रका आधिकारिक वितरकहरु शंकर अधिकारी र शैलेन्द्र वलीले मन्तव्य व्यक्त गर्नुभएको थियो ।

# बस दुर्घटनामा सातजना घाइते

**युगबोध समाचारदाता**

घोराही, ११ फागुन । दाङमा बस दुर्घटना हुँदा सातजना घाइते भएका छन् । लमहीदेखि घोराहीतर्फ आउँदै गरेको लु २ ख ३२७७ नम्बरको बस सोमबार विहान करिब पौने एघार बजे दुर्घटना हुँदा चार पुरुष र तीन महिला घाइते भएका हुन् ।

दाङ घोराही उपमहानगरपालिका-३ चिसापानी मसोट नजिक बस दुर्घटना भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक रेशम बोहराले बताउनुभयो । चालक प्रहरी नियन्त्रणमा रहेका छन् भने घाइतेलाई उपचारका लागि राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा लगिएको थियो ।

# आगजनीका आरोपितलाई उन्मुक्ति दिने निर्णय

**युगबोध समाचारदाता**

काठमाडौं, ११ फागुन । जिल्ला सरकारी वकीलको कार्यालय काठमाडौंले गत भदौ २४ गतेको प्रदर्शनका क्रममा सिंहदरबारमा आगजनी गरेको आरोपमा पक्राउ परेका महेन्द्र गौतमलाई उन्मुक्ति दिने निर्णय गरेको छ ।

कार्यालयले गौतमविरुद्ध मुद्दा दायर गर्ने आधार र कारण नभएको भन्दै मुद्दा नचलाउने निर्णय गरेको हो । उक्त निर्णय सदरका लागि उच्च सरकारी वकील कार्यालय पाटनमा पठाएको छ । उनले सिंहदरबार जलाएको भनेर सामाजिक सञ्जालमा भिडिओ अपलोड गरेका थिए । घटनाको पाँच महिनापछि पक्राउ गौतमलाई जिल्ला अदालत काठमाडौंले थुनामा राखेर अनुसन्धान गर्न अनुमति पनि दिएको थियो । उनले सिंहदरबारमा आगजनी गरेर फर्किएको भन्दै सगर्व बोलेका थिए । चितवनका गौतमको उक्त भिडियोकै आधारमा प्रहरीले पक्राउ गरेर अनुसन्धान अघि बढाएको थियो ।

पक्राउ परेका गौतम चितवन खैरहनी नगरपालिका-९ घर भई काठमाडौं महानगरपालिका-२९ अनामनगरमा बसोबास गर्दै आएका थिए । उनले भिडिओमा भनेका थिए- 'सिंहदरबारको गेट तोडेरभित्र पसेर गृह मन्त्रालयदेखि सबै कार्यालयमा आगो लगाई भ्याइसक्यौं ।'

उच्च सरकारी वकील कार्यालय पाटनका प्रमुख ईश्वरीप्रसाद ढकालले मुद्दा नचल्ने भनी जिल्ला सरकारी वकील कार्यालयबाट आएको फाइल अध्ययनकै क्रममा रहेको जानकारी दिनुभयो ।

# चौरासी पूजाको खर्चले अक्षयकोष स्थापना

**युगबोध समाचारदाता**

तुलसीपुर, ११ फागुन । पूर्वशिक्षक नदन अधिकारीले आफूले ३४ वर्ष अध्यापन गरेको तुलसीपुर-१७ मानपुरस्थित दीपेन्द्र माध्यमिक विद्यालयमा अक्षयकोष स्थापना गर्नुभएको छ । उहाँले विद्यालयको ७२ औं वार्षिकोत्सवका अवसरमा अक्षयकोष स्थापना गर्नुभएको हो ।

अक्षय कोष स्थापना गर्दै नदन अधिकारीले आफूले ८४ पूजाका लागि गरिने खर्चलाई जेहेन्दार, आर्थिकरुपले कमजोर विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिने बताउनुभयो । '८४ वर्ष पुगेपछि हाम्रो संस्कारमा चौरासी पूजा गर्ने गरिन्छ तर मैले सेवा नै धर्म हो भन्ने विचारबाट प्रभावित भएर उक्त रकम शिक्षा क्षेत्रमा लगानी गरें'- उहाँले भन्नुभयो- 'जुन क्षेत्रले यो स्थानमा पु¥यायो । त्यही क्षेत्रमा उक्त रकम लगानी गर्ने अवसर प्रदान भयो । म मरेर गए पनि अक्षयकोष भने सधैं अमर रहनेछ । यसबाट प्राप्त हुने रकमबाट एकजनाले भए पनि शिक्षा आर्जन गर्न पाउने छन् ।'

तुलसीपुर-१७ का वडाध्यक्ष थलराज पुरीले नदन अधिकारीबाट समाजका लागि केही गरौं भन्ने सत्प्रेरणा मिलेको बताउनुभयो । १६ वर्षकै उमेरदेखि अध्यापन पेशामा आवद्ध हुनुभएका अधिकारीले २०६५ सालमा उमेर हदका कारण अवकाश लिनुभएको थियो । १९९८ सालमा जन्मनुभएका अधिकारी नेपाल रेडक्रस सोसाइटीमा सक्रिय हुनुहुन्छ । कार्यक्रममा अधिकारीकी श्रीमती निरा अधिकारी, उहाँका कान्छा छोरा सन्तोष अधिकारीलगायतले बोल्नुभएको थियो । अधिकारी दम्पतीले विद्यालयको वार्षिकोत्सवमा चारजना जेहन्दार विद्यार्थीलाई छात्रवृत्तिसमेत वितरण गर्नुभएको थियो ।

# गुरुजजुरको ७१ औं वार्षिकोत्सव

**युगबोध समाचारदाता**

तुलसीपुर, ११ फागुन । तुलसीपुर-४ रक्षाचौरमा रहेको गुरुजजुर नमूना माविले सोमबार एक कार्यक्रम गरेर विद्यालयको ७१ औं वार्षिकोत्सव मनाएको छ ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कृष्णबहादुर खड्काको अध्यक्षता तथा तुलसीपुर उपमहानगरपालिकाका प्रमुख टीकाराम खड्काको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा तुलसीपुर उपमहानगरपालिका वडा नं. ४ का अध्यक्ष तुलसी थापा मगर, शिक्षा, युवा तथा खेलकूद महाशाखा प्रमुख चक्र भण्डारी, शिक्षक अभिभावक संघका अध्यक्ष लोकमणि पन्थी, संस्थागत विद्यालयका तर्फबाट वासुदेव रिजाल, पूर्वविद्यार्थी हिरामणि दुःखी र ध्रुव गौतम, अध्यक्षयकोषदाताको तर्फबाट डिल्लीबहादुर केसी, अभिभावक राधा बस्याललगायतले बोल्नुभएको थियो । शिक्षक झक्कु केसीको स्वागत मन्तव्यबाट शुरु भएको कार्यक्रमको सहजीकरण शिक्षकहरु अनिमा वैद्य र घनश्याम डाँगीले गर्नुभएको थियो । कार्यक्रममा विद्यार्थीहरुले विज्ञान प्रदर्शनीका साथै विभिन्न नृत्यहरु प्रदर्शन गरेका थिए ।

# पत्रकार आचारसंहितासम्वन्धी अभिमुखीकरण

**युगबोध समाचारदाता**

घोराही, ११ फागुन । नेपाल पत्रकार महासंघको आयोजनामा लुम्बिनी प्रदेशस्तरीय रिपोर्टिङ र पत्रकार आचारसंहितासम्वन्धी अभिमुखीकरण सम्पन्न भएको छ ।

नेपाल पत्रकार महासंघका केन्द्रीय उपाध्यक्ष उमित बागचनको अध्यक्षता तथा महासंघका सल्लाहकार विपुल पोखलेको प्रमुख आतिथ्यतामा सोमबार देउखुरीमा अभिमुखीकरण गरिएको हो । सो अवसरमा निर्वाचनमा गलत सूचना प्रवाहले मतदाताको सही प्रतिनिधि छान्ने अधिकार प्रभावित हुनसक्ने भन्दै निर्वाचनपूर्व नै मत सर्वेक्षणजस्ता आचारसंहिताविपरीत गतिविधि गर्न नहुनेमा जोड दिइएको थियो । साथै सबै राजनीतिक दलहरुलाई समान स्थान दिनुपर्ने, निर्वाचन आचारसंहिताको पालना भए नभएको खबरदारी गर्ने, सामाजिक सञ्जालमा आउने सूचनाको आधिकारिक परीक्षण नगरी समाचार बनाउन नहुनेलगायतका विषयमा छलफल गरिएको थियो ।

समूहकार्यसहित आगामी निर्वाचनलाई स्वच्छ, भयरहित र निष्पक्ष बनाउन भूमिका खेल्ने प्रतिबद्धता पनि जनाइएको थियो । अभिमुखीकरणमा लुम्बिनी प्रदेशका १२ जिल्लाका पत्रकार महासंघ शाखा अध्यक्ष, सचिव तथा पत्रकारहरुको सहभागिता थियो । अभिमुखीकरणको सहजीकरण नेपाल पत्रकार महासंघका उपाध्यक्ष बागचन र सल्लाहकार पोखेलले गर्नुभएको थियो ।

# दुई सयबढी विद्यार्थीलाई निःशुल्क सिम वितरण

**युगबोध समाचारदाता**

तुलसीपुर, ११ फागुन । तुलसीपुरमा दुई सयबढी विद्यार्थीलाई नमस्तेको सिम निःशुल्क वितरण गरिएको छ । नेपाल टेलिकम तुलसीपुरले हाम्रो पहुँच सेकेण्डरी स्कुलमा अध्ययनरत कक्षा ११ र १२ का विद्यार्थीलाई कार्यालय प्रमुख प्रवीणकुमार चौधरीले सोमबार बिहान निःशुल्करुपमा सिम वितरण गर्नुभएको हो ।

विद्यार्थीमा सेवाको पहुँच विस्तार गर्न टेलिकमले निःशुल्करुपमा सिम वितरण गरेको जानकारी गराउँदै कार्यालय प्रमुख चौधरीले विद्यार्थीलाई फोन तथा प्रविधिको सही प्रयोग गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले विद्यार्थीलाई टेलिकमको सेवा सहजरुपमा विस्तार गर्न निःशुल्करुपमा वितरण गरिएको बताउनुभयो । उहाँले सिमको सहीरुपमा सदुपयोग गरी लाभ लिन विद्यार्थीलाई आग्रहसमेत गर्नुभयो । विद्यालयका प्रधानाध्यापक शिव पुनले सिम वितरणले विद्यार्थीको जीवनमा सकारात्मक परिवर्तन ल्याउनेमा विश्वास व्यक्त गर्नुभयो ।

**छोरालाई काखा छोरीलाई पाखा नगरौं ।**


## श्री सदाबहार सामुदायिक वन उपभोक्ता समूह

शान्तिनगर गा.पा. वडा नं.-१, २ र बबई गा.पा.-६, दाङ

## गोलिया काठ, दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना !

दोस्रो पटक प्रकाशन मिति २०८२।११।१२ गते

श्री सदाबहार सामुदायिक वन उपभोक्ता समूह, शान्तिनगर गा.पा.-१. २ र बबई गा.पा.-६, दाङको वनबाट उत्पादन भई शान्तिनगर गाउँपालिका वडा नं. १. सा.व.उ.स. परिसर, दाङको घाटगद्दीमा लट बनाई राखिएको साल, असना, कर्मा, बर्रो, दबदबे र धौटी जातको गोलिया काठ थान ९१४ को ७८६०.१९ क्यू.फि., साल दाउरा २०.०० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । काठ. दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भई वन नियमावली, २०७९ को नियम १२८ बमोजिम सूचीकृत उद्योगले यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिले २१ औं दिनभित्र खरिद गरी २२ औं दिन भित्र र सो दिन सार्वजनिक बिदा परेमा सो को लगत्तै भोलिपल्ट प्रत्येक लटको छुट्टाछुट्टै शिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**अध्यक्ष**



## घोराही उपमहानगरपालिका कार्यालय दाङको नक्सा पाससम्वन्धी सूचना !

गुल्मी मुसिकोट नगरपालिका वडा नं. ४ बस्ने गोमा कार्कीले मेरो नाममा दर्ता श्रेस्ता भएको साविक घोराही ५क (हाल घोराही उपमहानगरपालिका वडा नं. १८) कि.नं. ३०४६ र ३०९१ क्षेत्रफल २००.६७ ब.मि. जग्गामा घर निर्माण गर्नको लागि घरको नक्सापास गरिपाउँ भनी नक्सासहित निवेदन पेश गर्नुभएको छ । सो अनुसार घरको नक्सापास इजाजत उपलब्ध गराउन आवश्यक प्रक्रिया पूरा गरी मिति २०८२।११।१० गतेका दिन सर्जमिन गर्दा पश्चिमतर्फका संधियार नारायणप्रसाद गौतम र उत्तरतर्फका संधियार विन्दु थापा अनुपस्थित हुनुभएको हुँदा नक्सापास कार्य रोकिन गएको छ । यदि कोही कसैको दावी विरोध भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो सबुद प्रमाणसहित यस कार्यालयमा लिखित निवेदन दिनुहोला अन्यथा नियमानुसार निजका नाममा घर नक्सापास भई जाने हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।



## घोराही उपमहानगरपालिका कार्यालय दाङको नक्सा पाससम्वन्धी सूचना !

दाङ जिल्ला घोराही उपमहानगरपालिका वडा नं. ९ बस्ने वारेश हिम बहादुर वलीले ऐ.ऐ. बस्ने दुजीदेवी वलीको नाममा दर्ता श्रेस्ता भएको साविक घोराही ८ख (हाल घोराही उपमहानगरपालिका वडा नं. १५) कि.नं. ७९७५ क्षेत्रफल ७४.७६ ब.मि. जग्गामा निर्माण भैसकेको घरको घर नक्सा अभिलेखीकरण गरिपाउँ भनी नक्सासहित निवेदन पेश गर्नुभएको छ । सो अनुसार घरको अभिलेख इजाजत उपलब्ध गराउन आवश्यक प्रक्रिया पूरा गरी मिति २०८२।११।११ गतेका दिन सर्जमिन गर्दा पूर्वतर्फका संधियार मिना रावत, पश्चिमतर्फका संधियार जुठीराम चौधरी र उत्तरतर्फका संधियार निर्मला सेन अनुपस्थित हुनुभएकोले घरको अभिलेख कार्य रोकिन गएको छ । यदि कोही कसैको दावी विरोध भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो सबुद प्रमाणसहित यस कार्यालयमा लिखित निवेदन दिनुहोला अन्यथा नियमानुसार निजका नाममा घर नक्सा अभिलेख भई जाने हुँदा सम्बन्धित सबैको जानकारीका लागि उो सूचना प्रकाशित गरिएको छ ।



तहसिल मिसिल नं. ८३५

## दाङ जिल्ला अदालतबाट जारी भएको

गर्जसिंह थापाको नाति धर्मराज थापाको छोरा जिल्ला बाँके नेपालगंज उपमहानगरपालिका वडा नं. ६ फुल्टेक्रा बस्ने दिलिप कुमार थापाका नाउँको ३५ दिने सूचना म्याद.............।

दरखास्तवाला/वादी नरेश पाठक विपक्षी/प्रतिवादी तपाई भएको लेनदेन मुद्दामा (०७७-CI-०२८९) श्री सर्वोच्च अदालतको मिति २०८१।०१।१६ गते भएको फैसला बमोजिम तपाईंबाट भरी पाउने ठहरेको विगो रु. ४४,६०,०००।- (चौवालिस लाख साठी हजार रुपैयाँ), भरी भराउ हुँदासम्मको कानून बमोजिमको ब्याज र अदालती शुल्क भराई पाउँ भनी वादीको दरखास्त परी कारवाही चल्दाका अवस्थामा तपाईले वादीलाई बुझाउनु पर्ने फैसला बमोजिमको विगो, ब्याज र अदालती शुल्क दाखिल गर्ने प्रयोजनार्थ तपाईंका नाममा यो ३५ (पैंतिस) दिने सूचना म्याद जारी गरी पठाइएकोमा तपाईंको नाउको सूचना म्याद बेपत्ते तामेल भई आएकोले तपाईका नाउँको म्याद विद्युतीय माध्यमबाट प्रकाशित गर्ने प्रयोजनार्थ तपाईंको नाउँको म्याद राष्ट्रियस्तरको दैनिक पत्रिका युगबोध राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको छ । उक्त म्याद पत्रिकामा प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र साँवा रु. ४४,६०,०००।- (चौवालिस लाख साठी हजार रुपैयाँ), भरी भराउ हुँदासम्मको कानून बमोजिमको ब्याज र कानून बमोजिम लाग्ने अदालती शुल्क समेत ल्याई यस अदालतमा उपस्थित हुनुहोला । विगो दाखिल नगरी म्याद गुजारी बसेमा तपाईंलाई कानुन बमोजिम हुनेछ । पछि तपाईंको उजुर लाग्ने छैन ।

इति सम्वत् २०८२ साल फागुन महिना १२ गते रोज ०३ मा शुभम्.....।



तहसिल मिसिल नं. ५३८

## दाङ जिल्ला अदालतबाट जारी भएको

लाल बहादुर रावतको नाति रुपलाल रावतको छोरा जिल्ला दाङ तुलसीपुर उपमहानगरपालिका वडा नं. १७ कर्जाही बस्ने अं. वर्ष २८ को देवराज रावतका नाउँको ३५ दिने सूचना म्याद............।

दरखास्तवाला/वादी झगरेको नाति भोजलालको छोरा जिल्ला दाङ घोराही उपमहानगरपालिका वडा नं. ३ बस्ने रामे सार्की भन्ने रामे रोका विपक्षी/प्रतिवादी तपाई भएको बैंक चेक अनादर मुद्दामा (०८०-C४-०४३१) यस दाङ जिल्ला अदालतको मिति २०८२।०१।१७ गते भएको फैसला बमोजिम तपाईंबाट भरी पाउने ठहरेको विगो रु. १,५०,०००।- (एक लाख पचास हजार रुपैयाँ मात्र) र सो को भरीभराउ हुँदासम्मको ब्याज समेत भराई पाउँ भनी वादीको दरखास्त परी कारवाही चल्दाका अवस्थामा तपाईले वादीलाई बुझाउनु पर्ने फैसला बमोजिमको विगो दाखिल गर्ने प्रयोजनार्थ तपाईंका नाममा यो ३५ (पैंतिस) दिने सूचना म्याद जारी गरी पठाइएकोमा तपाईंको नाउको सूचना म्याद बेपत्ते तामेल भई आएकोले तपाईंका नाउको म्याद विद्युतीय माध्यमबाट प्रकाशित गर्ने प्रयोजनार्थ तपाईंको नाउको म्याद राष्ट्रियस्तरको दैनिक पत्रिका युगबोध राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको छ । उक्त म्याद पत्रिकामा प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र साँवा रु. १,५०,०००।- (एक लाख पचास हजार रुपैयाँ मात्र) सो को कानून बमोजिमको भरी भराउ हुँदाका मितिसम्मको कानून बमोजिमको ब्याज रकम समेत ल्याई यस अदालतमा उपस्थित हुनुहोला । विगो दाखिल नगरी म्याद गुजारी बसेमा तपाईलाई कानुन बमोजिम हुनेछ ।

इति सम्वत् २०८२ साल फागुन महिना १२ गते रोज ०३ मा शुभम्.....।



## हकदावी गर्न आउनेबारे १५ दिने सूचना !

सूचना प्रकाशित मिति : २०८२।११।१२

लुम्बिनी प्रदेश, दाङ जिल्ला, तुलसीपुर उपमहानगरपालिका वडा नं. १९ बस्ने हिमलाल रावतको नातिनी जितमान रावतको छोरी पर्मि उपाध्यायको आमा श्री नन्दी रोकाको मिति २०८२।०१।२२ गते मृत्यु भएको हुनाले यस बैंकको बिजौरी शाखामा निजको नाममा खोलिएको सुरक्षा भत्ता लाभग्राही बचत खाता नं. ०१७०१३०००७४५८७००००१ मा रहेको सम्पूर्ण रकम भुक्तानी पाउँ भनी मृतकको छोरी पर्मि उपाध्याय (ना.प्र.नं. ५२०२५/८२०) दाङ जारी मिति २०६४।०६।२२) ले यस बैंक समक्ष मिति २०८२।०६।२३ गते आवश्यक कागजातसहित निवेदन पेश गरेको हुँदा निज खातावालाका नामको यस बैंकमा रहेको उक्त रकममा कोही कसैको हकदावी भए बैंक तथा वित्तीय संस्था सम्बन्धित ऐन २०६३ को दफा ८१ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो सवुद प्रमाणसहित यस बैंकको उपरोक्त शाखामा हकदावी गर्न आउनुहोला । उक्त म्यादभित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्वन्धित ऐन, २०६३ बमोजिम भई जाने हुँदा यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र हकदावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ ।

**कर्णाली डेभलपमेन्ट बैंक लिमिटेड**
**Karnali Development Bank Ltd.**
नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको मान्यता प्राप्त"
समृद्धिको आधार
(नेपाल राष्ट्र बैंकद्वारा गठित ब्यवस्थापन समूहबाट नियन्त्रित र संचालित)
**शाखा कार्यालय बिजौरी, दाङ** फोन नं. ०८२-४१११५३



## हकदावी गर्न आउनेबारे १५ दिने सूचना !

सूचना प्रकाशित मिति : २०८२।११।१२

लुम्बिनी प्रदेश, दाङ जिल्ला तुलसीपुर उपमहानगरपालिका वडा नं. १९ बासगढी बस्ने चूडामणि उपाध्यायको नातिनी दामोदर उपाध्यायको छोरी शोभाकर अधिकारीको आमा श्री खिमादेवी उपाध्यायको मिति २०८१।०७।११ गते मृत्यु भएको हुनाले यस बैंकको बिजौरी शाखामा निजको नाममा खोलिएको सुरक्षा भक्ता लाभग्राही बचत खाता नं. ०१७०१३०००७६०५००००००१ मा रहेको सम्पूर्ण रकम भुक्तानी पाउँ भनी मृतकको छोरा शोभाकर अधिकारी (ना.प्र.नं. ५२५१/२९२६) दाङ जारी मिति (२०३५।०७।१३) ले यस बैंक समक्ष मिति २०८२।०९।२० गते आवश्यक कागजातसहित निवेदन पेश गरेको हुँदा निज खातावालाका नामको यस बैंकमा रहेको उक्त रकममा कोही कसैको हकदावी भए बैंक तथा वित्तीय संस्था सम्वन्धित ऐन, २०६३ को दपला ८१ बमोजिम अग्राधिकारवाला हकदार हरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो सबुद प्रमाणसहित यस बैंकको उपरोक्त शाखामा हकदावी गर्न आउनुहोला । उक्त म्यादभित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धित ऐन, २०६३ बमोजिम भई जाने हुदाँ यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र हकदावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ ।

**कर्णाली डेभलपमेन्ट बैंक लिमिटेड**
**Karnali Development Bank Ltd.**
नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको मान्यता प्राप्त"
समृद्धिको आधार
(नेपाल राष्ट्र बैंकद्वारा गठित ब्यवस्थापन समूहबाट नियन्त्रित र संचालित)
**शाखा कार्यालय बिजौरी, दाङ** फोन नं. ०८२-४१११५३



## उद्योग खारेजीको सूचना !

उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय सल्यान (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी श्री हिरमलाल खर्का धनी रहेको दर्ता नम्बर १६४५/०७४/०७५ बाट त्रिवेणी गाउँपालिका वडा नं. १ काभ्रा गोगने टोल सल्यानमा सञ्चालन हुने गरी दर्ता श्रेष्ताकायम रहेको, श्री परिवर्तन बाख्रापालन फार्म उद्योग नामको प्राइभेट/साझेदारी उद्योग मेरो/हाम्रो घरयासी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतिस) दिने सूचना प्रकाशन गरिएको छ । यस उद्योगसँग कोही कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाणसहित उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय सल्यान समक्ष लिखित रुपमा दाबी पेश गर्नुहुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियामावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।



## घोराही उपमहानगरपालिका कार्यालय दाङको नक्सा पाससम्वन्धी सूचना !

दाङ जिल्ला घोराही उप महानगरपालिका वडा नं. १४ बस्ने शरद बुढाथोकीले म समेत प्रतिमा पौडेल बुढाथोकीको नाममा दर्ता श्रेस्ता भएको साबिक घोराही ४ग (हाल घोराही उपमहानगरपालिका वडा नं. १४) कि.नं. ७९७, ७९८ र ७९९ क्षेत्रफल ३२३.५३ ब.मि. जग्गामा घर निर्माण गर्नको लागि घरको नक्सापास गरिपाउँ भनी नक्सासहित निवेदन पेश गर्नुभएको छ । सो अनुसार घरको नक्सापास इजाजत उपलब्ध गराउन आवश्यक प्रक्रिया पूरा गरी मिति २०८२।११।११ गतेका दिन सर्जमिन गर्दा पूर्वतर्फका संधियार मनबहादुर बुढा मगर, उत्तरतर्फका संधियार सरस्वता आचार्य र दक्षिणतर्फका संधियार श्याम कुमार आचार्य अनुपस्थित हुनुभएको हुँदा नक्सापास कार्य रोकिन गएको छ । यदि कोही कसैको दाबी बिरोध भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो सबुद प्रमाणसहित यस कार्यालयमा लिखित निबेदन दिनुहोला अन्यथा नियमानुसार निजका नाममा घर नक्सापास भई जाने हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।



## ट्याङ्करबाट पानी



३०० फिट गहिराइबाट बोरिङ गरिएको पानी, शुद्ध पानी पिउन, निर्माण कार्य गर्न, विवाह ब्रतबन्ध, घरायसी प्रयोजनको लागि आवश्यक परेमा ट्यांकर, जार, बोत्तलबाट सस्तो मूल्यमा उपलब्ध गराउने व्यवस्था छ ।

**धौलु पानी प्रशोधन केन्द्र**
घोराही, दाङ
सम्पर्क : ९८४७८२९१६६, ९८०१९७९२२८



## न्यू स्कार्पियो रिजर्भको लागि सम्झनुहोस्



भोज, विवाह तथा आरामदायी यात्राको लागि न्यू स्कार्पियो बुक गर्नु परेमा सम्पर्क गर्नुहोला ।

**राधेश्याम गुप्ता**
सम्पर्क : ९८५७८४०२४१, ९८५७८४१०५३, ९८०९५६४५२६


## आजको राशीफल

२०८२।११।१२ गते मंगलबार
तिथि : फागुन कृष्ण सप्तमी, नक्षत्र : कृतिका

**लक्ष्मीधारा ज्योतिष केन्द्र**
ज्यो. पं. डा. भुवनेश्वर बञ्जाडे
सदस्य- नेपाल ज्योतिष परिषद्
मोबाइल : ९८४७८४१२५१
भारत ०९१-९१२५७६६७०७

**मेष** (चू, चे, चो, ला, ली, लू, ले, लो, अ): दिगो लाभको कार्य गर्ने नयाँ काम प्रारम्भ गर्ने समय रहेको छ ।

**वृष** (ई, ऊ, ए, ओ, वा, वि, वू, वे, वो): स्वादिष्ट भोजन, सुख र रमाइलो जमघट जुर्न सक्ने छ ।

**मिथुन** (का, की, कू, घ, ङ, छ, के, को, ह): दोहोऱ्याएर प्रयत्न गर्दा कार्य सफल एवं अवरोध पार गर्न सकिएला ।

**कर्कट** (ही, हू, हे, हो, डा, डी, डू, डे, डो): आय आर्जन बढाउन ऋण सापटी तिर्न सकिने छ ।

**सिंह** (मा, मी, मू, मे, मो, टा, टी, टू, टे): कार्यमा सफलता एवं अवसर र चुनौती दुबै जुर्लान् ।

**कन्या** (टो, प, पी, पू, ष, ण, ठ, पे, पो): भाग्यले साथ दिनेछ । आजको मेहनतले भविष्यमा लाभ पुऱ्याउने छ ।

**तुला** (रा, री, रु, रे, रो, ता, ती, तू, ते): स्वास्थ्यमा प्रतिकूलता एवं प्रतिकूल परिस्थिति र व्यस्तता ।

**वृश्चिक** (तो, ना, नी, नू, ने, नो, या, यी, यू): मित्रता र प्रेमको बृद्धि एवं परिस्थितिलाई सहज बनाउन सकिने छ ।

**धनु** (ये, यो, भा, भी, भू, ध, फा, ढा, भे): पराक्रम बढाउनुहोस्, राम्रो फाइदा लिन सकिने छ ।

**मकर** (भो, जा, जी, जू, जे, जो, खा, खी, खू, खे, खो, गा, गी): ज्ञानलाई तिखार्न सकिनेछ । अध्ययनमा प्रगति हुनेछ ।

**कुम्भ** (गू, गे, गो, स, सी, सु, से, सो, द): विश्वासमा धोखा हुन सक्नेछ । घरायसी कार्यमा प्रवृत्त भइन सकिने छ ।

**मीन** (दी, दू, थ, झ, ञ, दे, दो, चा, ची): सहयोगीहरुको साथ र सोचेका कार्य सम्पादन गर्न सकिने छ ।